# मायादेवी गाउँपालिका

## नीति तथा कार्यक्रम

आ.व.२०८२/०८३

## मायादेवी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## पकडी,कपिलवस्तु

लुम्बिनी प्रदेश,नेपाल

Scanned with CamScanner

**मायादेवी गाउँपालिकाका उपाध्यक्ष ज्यू,**
**गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,**
**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**शाखा प्रमुख ज्यूहरु,**
**सम्पुर्ण राष्ट्रसेवक कर्मचारी ज्यूहरु,**
**उपस्थित पत्रकार साथीहरु,**

**मायादेवी गाउँपालिकाको गरिमामय १६ औ गाउँ सभामा यहाँहरु सवैलाई हार्दिक स्वागत गर्न चाहान्छु ।**

प्रजातन्त्र लोकतन्त्र मधेश विद्रोह हुदै गणतन्त्र सम्म आईपुग्दा देश प्रेमले ओतप्रोत भई जनताको लागि वलिदान दिएका योद्दाहरु प्रति हार्दिक श्रदान्जली दिन चाहान्छु ।

चालु आर्थिक वर्षमा स्विकृत नीति तथा कार्यक्रम र वजेट कार्यान्वयन गरि यस गाउँपालिकालाई विकास तर्फ उन्मुख गराउन विभिन्न तहवाट सहयोग पुर्याउनु हुने सम्पूर्ण जनप्रतिनिधिहरु र गाउँवासीहरु एवं राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

सिमित श्रोत र साधनका बाबजुत पनि गाउँलाई यस अवस्थामा पुर्याउनु हुने अन्य सरोकारवालाहरुलाई पनि विशेप धन्यवाद दिन चाहान्छु ।

जनताले धैरे आशा र भरोसाका साथ समुनन्त मायादेवी गाउँपालिका वनाउने अभिभारा सुम्पिनु भएको छ । आवश्यकता हरु असिमित छन केन्द्र प्रदेशवाट प्राप्त न्युन स्रोतलाई सवै गाँउवस्तीहरुमा न्यायोचित वितरण गर्नु पर्ने छ । यस मायादेवी गाउँपालिकाका आवश्यकताहरुलाई प्राथमिकतामा राखि यस गाउँलाई समुनन्त गाउँपालिका वनाउने उदेश्यका साथ आगामि आ।व।२०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

**आ.व.२०८२/०८३ को नीति तथा कार्यक्रम तयार गर्दा लिइएका आधारहरु**

१. नेपालको संविधान २०७२,
२. स्थानीय सरकार संचालन ऐन २०७४,
३. १६ औ योजना
४. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
५. दिगो विकास लक्ष्यहरु
६. संघीय मन्त्रालयहरुवाट समय समयमा प्राप्त भएका मार्गदशनहरु
७. संघीय सरकारको आ.व.२०८२/०८३ नीति तथा कार्यक्रमहरु
८. लुम्विनि प्रदेश सरकारको आ।व।२०८२/०८३ नीति तथा कार्यक्रमहरु
९. स्थानीय तहका कानूनहरु
१०. राजनितिक दल र संघ सस्थाहरुवाट प्राप्त सुझावहरु
११. विभिन्न समितिका सुझावहरु
१२. वडा तथा वस्तीस्तर वाट प्राप्त सुझावहरु

सभासदस्यहरु

अब मा यस मायादेवी गाउँपालिकाकै आ.ब. २०८२/०८३ कै नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहनछु । स्थानीय तहकै दोस्रो कार्यकालको निर्वाचन पश्चात चौथो र यो गाउँपालिकाको स्थापना भएको आठौं बर्षमा प्रवेश भएको छ । यस सन्दर्भमा गाउँपालिकाको भौगोलिक क्षेत्र, नागरिकले प्रत्येक्ष अनुभुत गर्ने योजना तर्जुमा गर्नुको साथै

कार्यन्वयमामा प्रत्येक्ष सहभागी गराउने, माग र औचित्यमा आधारित विकास राष्ट्रले बोकेको सहस्रब्दी लक्ष्य दिगो विकास का सुचकहरुमा आधारीत गतिविधिहरु संचालन गरि यस क्षेत्रको जनताको शिक्षा स्वास्थ्य क्षेत्रको विकास गर्नुको साथै स्वरोजगार तथा आय-आर्जनमा बृद्धि हुने किसिमका कार्यक्रम संचालन गरि गरिबी न्यूनिकरण गर्ने प्रमुख निति लिएङ्को छू।

आदरणीय महानुभावहरु

आगामी आर्थिक बर्षमा मायादेवी गाउँपालिका नेपालको संविधान २०७२ को प्रचलित कानुन तथा नीति नियम र कार्यविधिहरु अनुसरण गर्दै सो सम्बन्धि निति तथा कार्यक्रमको लागि निम्न प्रस्ताव पेश गरेको छु।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक एवंम लैङ्गिक समानता तथा सामजिक समाबेशीकरण सम्बन्धी नीति २०८२/०८३**

- ❖ मानवीय मूल्य र मान्यतालाई आत्मसाथ गरी मानव सभ्यता र संस्कृतिहरुको प्रवर्धन गर्न विभिन्न अभियान तथा कार्यक्रमहरु संचालन गरिने छ।
- ❖ लैङ्गिक तथा घरेलु हिंसा न्यूनिकरणमा जोड दिइनेछ।
- ❖ लैङ्गिक हिंसा निवारण एवं लैङ्गिक हिंसा न्यूनिकरण समिति गठन गर्ने नीति लिइनेछ
- ❖ बालविवाह, बहुविवाह, दाइजोप्रथा जस्ता परम्परासँग गाँसिएका कुरीतिको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानूनको कार्यान्वयन गर्दै यस्तो प्रवृतिलाई न्यूनिकरण गर्न विशेष अभियान संचालन गरिनेछ।
- ❖ लैङ्गिक मैत्री, अपांग मैत्री, ज्येष्ठ मैत्री , वालमैत्री गाउँ बनाउने अभियान संचालन गरिनेछ।
- ❖ बालबालिका सम्बन्धि नीति र बाल अधिकार संरक्षण कार्यबिधि को निर्माण गरिनेछ।
- ❖ यस आ.व.मा बाल अधिकार रहतकोष स्थापना गरिनेछ।
- ❖ बढ्दो साइबर अपराधका विषयमा महिला, किशोरी तथा बालिकालाई सुसूचित गराउने नीति लिइनेछ।
- ❖ प्रत्येक वर्ष अपांग व्यक्तिको तथयांक व्यवस्थित गर्ने र प्रत्यक ५/५ वर्षमा बनेका परिचयपत्रलाई अद्यायवधिक गर्ने नीति लिइनेछ।

**खानेपानी तथा सरसफाई**

- ❖ मायादेवी गाउँपालिकाको WASH योजनालाई मूर्तरुप दिइनेछ।
- ❖ सरसफाई कार्यलाई अभियानकोरुपमा संचालन गरी पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणाको आधार तयार गरिनेछ।
- ❖ सामुदायिक विद्यालय WASH योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- ❖ गाउँ सरसफाइको कार्यलाई प्रत्येक वस्ति र टोल सम्म विस्तार गरिनेछ।
- ❖ सम्पूर्ण गाउँवासिहरुलाई सुरक्षित खानेपानिको उपलब्धता सुनिश्चित गर्ने नीति अवलम्वन गरिनेछ।

**संस्थागत विकास तथा सेवा प्रवाह**

- ❖ गाउँपालिकाको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक पर्ने सफ्टवेयरको निर्माण, वडा तथा गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको लागी क्षमता विकास तालिम एंव संगठनात्मक अध्ययन लगायत आवश्यक संस्थागत सुधार गरिनेछ।
- ❖ वडा कार्यालयवाट प्रदान गरिने सम्पुर्ण सेवा प्रवाहहरु थप प्रभावकारी वनाउदै कम्प्यूटर पद्धतिमा आधारित (सफ्टेवयर) भई संचालन गरिनेछ।

Scanned with CamScanner

- कर्मचारीहरुको व्यक्तिगत विवरण तथा फाइलहरुलाई व्यवस्थित वनाइनेछ।
- करार सेवामा कार्यरत रहेका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गरिनेछ।
- यस गाउँपालिका भित्र रहेका सवै मातहत निकायहरुको सस्थागत क्षमता अभिवृद्दिको लागी आवश्यक भौतिक श्रोत साधन उपलव्ध गराउने साथै आधुनिक प्रविधिमैत्रि वनाइनेछ।
- यस कार्यालय र वडा कार्यालयहरुलाई मर्मत सम्भार रंगरोगन तथा सौन्दर्यिकरण गरिनेछ।
- सुशासन र पार्दशितालाई मध्यनजर गर्दै नागरिकको गुनासो सुनुवाई, सम्वोधन सुझाव पेटिका, सुचना अधिकारीको व्यवस्था गरिनेछ।
- यस गाउँपालिकामा रहेका शाखाहरुलाई आश्वयकता अनुसार स्थान उपलव्ध गराई सेवा प्रवाहलाई अपाङ्गमैत्रि, वालमैत्री वनाइनेछ।
- यस गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई समय समयमा पुनर्ताजकिय तालिम उपलब्धको अवसर दिइनेछ।
- कर्मचारीहरुको मनोवल वृद्दि गर्न उपलब्ध गराउदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ।
- मायादेवी गाउँपालिका भित्र रहेका विभिन्न हाट बजारहरुलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाईने छ।

**बालबालिका**

- बाल क्लवहरलाई नेतृत्व तालिम संचालन गरिनेछ।
- वडा स्तरिय गाउँ बाल संरक्षण तथा सम्वर्धन समितिलाई अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।तथा आवश्यकता अनुसार सहयोगको नीति लिईने छ।
- SEE परिक्षामा उच्च अंक ल्यउने एक छात्र र एक छात्राको लागि प्रोत्साहन स्वरुप अध्यक्ष पुरस्कारको व्यवस्था गरिनेछ।
- फरक क्षमता भएका बालबालिकाहरुलाई शिक्षाको लागि सम्बन्धित ठाउँमा पुग्र्याउने नीति लिनेछ।
- बालविबाह जस्ता रुढिवादी प्रथाको अन्य गर्न सामाजिक जनचेतना अभिबृद्धि गरिने छ।

**महिला**

- समृद्ध समाज निर्माण गर्न महिला शिक्षालाई विशेष ध्यान दिनको लागि चेतनामूलक कार्यक्रम संचालन गरिने छ।
- महिलाहरुको आय आर्जनको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- मिला हिंसा,दाइजो प्रथा कुरिति तथा अंधविश्वास रोक्नको लागि विशेष कार्यक्रम संचालन गरिने छ।

**अपाङ्ग**

- अपाङ्ग भएका व्यक्तिहरुलाई समय समयमा अपाङ्ग परिचयपत्र विवरण कार्यलाई निरन्तरता दिईने छ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता अनुसारको सहयोग सामाग्री उपलब्ध गराउने नीती लिने छ।
- अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीको लागि विशेष प्राथमिकता दिईने छ।
- अपाङ्गता भएका व्यक्तिहरुका शिक्षाका लागि विशेष जोड दिने छ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई विभिन्न किसिमका तालिमा प्रदान गरिने नीति लिने छ।

**मधेशी, मुस्लिम, लोपोन्मुख, आदीवासी तथा पिछडावर्ग**

- कानुनीहक अधिकार सम्बन्धि अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।
- विपन्न मधेशी , मुस्लिम लोपोन्मुख,आदीवासी लगायतका पिछडावर्गको उत्थानका लागि विभिन्न आयमुलक कार्यक्रम सञ्चालन गरिने छ ।
- सबै वर्गहरुको धर्म संस्कृतिलाई जोगेर्न गर्ने नीति लिनेछ ।
- विभिन्न पर्व तथा दिवसहरु मनाउनको लागि आवश्यक बजेट व्यवस्था गरिने छ ।

**जेष्ठ नागरिक**

- जेष्ठ नागरिक सम्मान तथा सामाग्री वितरण कार्यक्रम संचालन गरिने छ ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य परिक्षणको लागि घुम्ती सिविर संचालन गरिने छ ।

**स्वास्थ्य**

- पालिका भित्र गर्भवती/सुत्केरी महिलाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा उपलव्ध गराइनेछ ।
- प्रत्यक वडामा रहेको ६० वर्ष माथिका वृद्द वृद्दाहरुलाई कम्तिमा महिनाको दुई पटक निशुल्क स्वास्थ्य परिक्षण गराइनेछ
- गर्भवतीहरुको लागि ग्रामीण घुम्ती भिडियो एक्सरे सेवा कार्यक्रमको सुरुवात गरी गर्भवति महिलालाई गर्भ जाँचका बेला निस्शुल्क भिडियो एक्स(रे सेवा प्रदान गरिने छ । सो सेवाका लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी आनामी हरुलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- दिगो विकास लक्ष्य अनुसारको पूर्णतः संस्थागत सुत्केरी गराई घरमा सुत्केरी हुने दर घटाउन आवश्यकता अनुसार प्रसूति केन्द्रहरु (बर्थिङ्ग सेन्टर) थप स्थापना गरिनेछ ।
- घरमै प्रसूति हुने कार्यलाई निरुत्साहित गर्न घर देखि प्रसूति केन्द्र तथा आकस्मिक प्रसूतिका लागि प्रेषण गरिएको स्वास्थ्य संस्थासम्म जानका लागि निःशुल्क यातायात (एम्बुलेन्स) को व्यवस्था गर्ने प्रवन्ध मिलाईनेछ तथा संस्थागत प्रसूति गराउने सुत्केरी महिलाहरुलाई प्रदान गर्दै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ ।
- विगत वर्षदेखि सञ्चालित जेष्ठ नागरिक, ५ वर्ष मुनिका बालबालिकाहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई उपलब्ध गराउदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप व्यवस्थित बनाइने छ ।
- ७० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई ४ महिनामा एक पटक घर घरमै गई स्वास्थ्य परीक्षण गरिनेछ ।
- ६० वर्ष उमेर पुगेका सामूदायिक महिला स्वास्थ्य स्वयम सेविकालाई विशेष सम्मान सहित विदाई गरिने छ साथै समय अनुकुल सामूदायिक महिला स्वास्थ्य स्वयम सेविकाको राष्ट्रिय मापदण्ड अनुसार नयाँ सामूदायिक महिला स्वास्थ्य स्वयम सेविका आमा-समूह मार्फत छनोट गरिनेछ ।
- उच्च रक्तचाप र मधुमेह रोगको उपचार तथा नियमित औषध आपूर्तिको व्यवस्था सहज रुपमा आधारभूत स्वास्थ्य संस्थाहरुबाट उपलब्ध गराइने छ । साथै प्रर्वधानात्मक गतिविधीलाई विशेष प्राथमिकता दिइने छ ।
- मानसिक स्वास्थ्य प्रबर्धनका लागि उचित कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गरिनेछ ।
- मानसिक रोगीका लागी पुर्नस्थापना केन्द्रहरुसँग सहकार्य गरी त्यहाँ सम्म पुरयाउने र उपचार गर्ने व्यवस्था गरिने छ
- गाउँपालिका स्तरको महामारी, रोग नियन्त्रण तथा विपद् व्यवस्थापनका लागी आकस्मिक योजना बनाई कार्यन्वयन गरिने छ । साथै महामारी तथा प्राकृतिक प्रकोपको व्यवस्थापन गर्न पालिका स्तरमा कोषलाई थप व्यवस्थित गरिनेछ ।

Scanned with CamScanner

- जिल्ला र पालिकामा कार्यरत निजी स्वास्थ्य सेवा प्रदायका तथा गैर सरकारी संघ(संस्थासँग समन्वय गरी आपतकालिन (विपद बेलाका लागि चाहिन सक्ने) अतिरिक्त स्वास्थ्यका लागि जनशक्ति पहिचान गर्न रोस्टर तयार गरी नियमित अध्यावधिक गरिनेछ
- मायादेवी गाउँपालिकाका नागरिकहरुको लागि निस्शुल्क रगत सहज उपलब्ध गराउनका लागि भैरहवा तथा बुटवलमा अवस्थित ब्लड बैङ्क संग समन्वय गरी व्यवस्था मिलाईने छ
- लागूपदार्थ दुर्यवसनी तथा एच. आई. भी. नियन्त्रण र स्वास्थ्य तथा पोषण प्रबर्धनका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- शिक्षा शाखासँगको समन्वयमा गाउँपालिका भित्र रहेका प्रत्येक विद्यालयमा "first Kid kit र Sick Room" अनिवार्य रुपमा व्यवस्था गर्ने र दुई शिक्षक/शिक्षिका (१ शिक्षिका अनिवार्य) लाई प्राथमिक उपचारको तालिमको व्यवस्था गरिनेछ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारहरु जस्तै शुद्ध खानेपानी, शौचालय आदिको सुनिश्चितता गर्दै किशोर-किशोरी तथा अपांग मैत्री बनाइने छ।
- खोप तथा गाँउघर क्लिनिकको भवन नभएका स्थानहरुमा बहु(उपयोगी भवन (खोपकेन्द्र र गाँउघर क्लिनिक)को निर्माण गरी गुणस्तरीय खोप सेवा तथा अन्य सेवा प्रदान गरिनेछ। साथै गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता र यसको दिगोपना कायम गर्नका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- स्वास्थ्य संस्थामा उपलब्ध औजार, उपकरण र औषधि तथा अन्य सामग्रीहरुको अध्यावधिक गरी प्रभावकारी सप्लाई चेन व्यवस्थापनको लागि विद्युतीय आपुर्ति व्यवस्थापन प्रणाली (eLMIS)लागु गरिनेछ
- स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चितताको तथा गुणस्तरीय तथ्याङ्क बनाउनको लागी सबै स्वास्थ्य संथामा वार्षिक रुपमा कम्तिमा दुई पटक स्वास्थ्य सेवा मापदण्ड र तथ्याङ्क गुणस्तर परिक्षण गरिनेछ।
- स्वास्थ्य संस्था जन्य फोहोर एवम् संक्रमण जन्य बस्तुहरुको उचित बिसर्जन र व्यवस्थापन गर्दै व्यक्तिगत, सामाजिक एवम् संस्थागत सरसफाईको अवस्थामा सुधार ल्याइने छ।
- १००० दिनका आमाहरु तथा ० देखि ५ वर्षका बालबालिकाहरुलाई कुषोषणवाट बच्नको लागि पोषण सामाग्री वितरण गरिने छ।

## शिक्षा,युवा तथा खेलकुद

- गाउँपालिकाको शिक्षा प्रणालीलाई विगतमा सिकीएका पाठहरुको आधारमा विद्यमान कानूनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप सुदृढ बनाउँदै रणनीतिक ढंगले अगाडि बढाइनेछ।
- सामुदायिक विद्यालयप्रति थप आकर्षण बढाउने रणनीति अवलम्बन गरिनुका साथै निःशुल्क शिक्षालाई अनिवार्य कार्यान्वयन गरिनेछ।
- गाउँभित्रका महत्वपुर्ण धार्मिक स्थल, पर्यटकीय स्थल , प्राकृतिक सम्पदा , भाषा संस्कृति, कृषि उद्योग, स्थानीय चाडपर्व , रहनसहन आदि विषयवस्तु झल्किनेगरी स्थानीय पाठ्यक्रमको निमार्ण तथा पाठ्यपुस्तकको विकास गरिने छ।
- मायादेवी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शिक्षक अभावलाई परिपूर्ति गर्न विगतमा व्यवस्था गरिएकामा सम्वनधित वडा अध्यक्ष समेत रहने गरि स्वयंसेवक शिक्षक तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई निरन्तरता दिने नीति लिइनेछ।

Scanned with CamScanner

❖ बाल विकास केन्द्रमा अध्यापन गराउने शिक्षिका र विद्यालमा कार्यरत कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

❖ विद्यालय छाडने प्रवृत्तिलाई न्युनीकरण गर्न, विद्यालय शिक्षा कार्यक्रमलाई निरन्तरता दिन सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनीटरी प्याडको सहज पहुँच र उपलब्धताको व्यवस्था गरिनेछ साथै विद्यालय खाजा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

❖ फूलबारी युक्त सुन्दर विद्यालय, हरित विद्यालय तथा सफासुग्घर विद्यालयको कार्यक्रम सञ्चालन गरिनेछ। विद्यालयको वार्षिक उत्सवको अवसरमा विद्यालयमा वृक्षारोपण गर्न प्रोत्साहन गरीनेछ।

❖ गाउँ शिक्षा योजना, शैक्षिक गुणस्तर सुधार कार्ययोजना निर्माण गरी क्रमश कार्यान्वयन गर्दै लगिनेछ।

❖ सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि कार्यरत शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु अगाडी बढाइनेछ।

❖ विद्यालयको पठन पाठनको सुदृढीकरण लगायत समग्र शैक्षिक व्यवस्थापनमा सुधार ल्याउनका लागि कार्यान्वयन योग्य विद्यालय सुधार योजना निर्माणको लागि वि.व्य.स, शि.अ.संघ, प्र.अ.को क्षमता विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

❖ युवाको साहस, सिर्जन शिलता, आत्मविश्वास, उद्यमशीलताको उच्च मूल्यांकन गर्दै शिक्षित, सीप युक्त, अनुशासित र उद्यमशील युवा शक्तिलाई गाउँको मानवीय पूँजीको रुपमा स्वीकार गर्दै गाउँको समग्र विकासमा परिचालन गर्ने नीति लिइनेछ।

❖ युवा केन्द्रित लैङ्गिक समानता र सशक्तिकरण, लागुऔषध दुर्व्यसन, सकारात्मक सोच, मनोसामाजिक परामर्श जस्ता कार्यक्रम संचालन गर्ने नीति लिइनेछ।

❖ स्थानीय स्तरमै नविन प्रतिभाको खोजी र पहिचान , अनुशासित , सक्षम र उत्कृष्ट खेलाडीहरुको पहिचान , स्वस्थ प्रतिस्पर्धात्मक मैत्रीपूर्ण खेल वातावरणको सिर्जना र विकास र खेल प्रति सकारात्मक सोचको बिकास गर्न राष्ट्रपति रनिङसिल्ड, मेयर कप लगायतका गाउँस्तरीय खेलकुद कार्यक्रमलाई थप व्यवस्थित तवरले संचालन गरिनेछ

❖ विद्यालय व्यवस्थापन समितिको विघटन पश्चात अर्को समिति गठन नहुन्जेल सम्म सम्वन्धित वडा वडाध्यक्षको संयोजकत्वमा विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था गरिनेछ।

❖ गाउँ शिक्षा समितिमा प्रत्येक वडाका वडा अध्यक्षहरु उक्त समितिमा पदेन सदस्य रहने व्यवस्था गरिनेछ।

❖ विद्यालयमा शिक्षक तथा कर्मचारी छनौट समितिमा सम्वन्धित वडाको वडा अध्यक्ष स्वत पदेन सदस्यको भुमिकामा रहने व्यवस्था गरिनेछ

❖ प्रत्येक वडामा वडा शिक्षा समितिको भुमिकालाई थाप सक्रिय र प्रभावकारि वनाइनेछ

❖ कम्तिमा नि मा वि र मा वि विद्यालयहरुमा स्काउट टोलि गठन गरिनेछ।

❖ गाउँ खेलकुद विकास समिति गठन गरि खेलकुदको विभिन्न विधाहरु थप व्यवस्थित तरिकाले संचालन गरिनेछ।

❖ गाउँपालिकाको युवा नीति वनाईने छ।

❖ युवाहरुको लागि विभिन्न किसिमका सिप तथा रोजगारी मुलक कार्यक्रम संचालन गरिने नीति लिईने छ।

❖ खेलकुदको माध्यमवाट स्वास्थ्य युवा जनशक्तिको निर्माण गरि मायादेवीको विकासको प्रयास गरिनेछ।

❖ वडा तथा गा.पा. स्तरीय खेलकुद प्रतियोताहरु युवाहरुको चाहना अनुरुप संचालन गरिनेछ।

Scanned with CamScanner

## सहकारी

- ❖ यस गाउँपालिका क्षेत्र मा एक वडा दुई कृषि स्थापना गर्ने कार्यक्रम लाई प्रोत्साहन गरिनेछ ।
- ❖ उत्पादनमा आधारित आय आर्जन गर्ने सहकारीलाई प्रबर्धन गरिनेछ ।
- ❖ महिला सहकारी को क्षमता अभिवृद्धि गरिनेछ ।
- ❖ सहकारीको क्षमता बृद्दी गर्न क्षमता बिकास तालिम प्रदान गरिनेछ ।

## सुरक्षित वैदेशिक रोजगार सम्वन्धि

- ❖ मायादेवी गाउँपालिकामा बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धि मुलक बनाउन वडाका टोल विकास संस्थाका पदाधिकारीहरुसंग अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- ❖ श्रम तथा रोजगारक्षेत्रको समुचित व्यवस्थापनको लागि सुरक्षित आप्रवासन कार्यविधिलाई प्रभावकारी कार्यान्वयन गर्न कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ । स्वरोजगार, आन्तरिक रोजगार साथै वैदेशिक रोजगार सँग सम्बन्धित विषयलाई व्यवस्थित गर्न यस स्थानीय तहको संगठन संरचनामा श्रम तथा रोजगार शाखा विस्तार गरी आवश्यक सेवाहरुलाई एकिकृत रुपमा प्रवाह गरिने छ । साथै वैदेशिक रोजगारमा रहेका र फर्केकाहरुको तथ्यांक अध्यावधिक गर्नेछ ।
- ❖ वित्तिय साक्षरता तथा मनोपरामर्श कक्षा सञ्चालन भइ समापन भइ सकेका सहभागीहरूलाइ क्षमता विकास सम्वन्धि सहयोग गरिनेछ ।

## रोजगार सेवा केन्द्र सम्वन्धि

- ❖ रोजगार र उद्धमशिलता उन्मुख स्वरोजगारीका लागि सीप विकास सम्बन्धी र सो सीपलाई रोजगारीसँग जोड्न व्यावसयिक तालिमहरु संचालनमा ल्याइनेछ ।
- ❖ मर्यादित श्रम सहितको रोजगारीको सुनिश्चितता गरिनेछ स् श्रमिकहरुको अधिकार र न्यूनतम पारिश्रमिकको प्रत्याभुति गरिनेछ ।
- ❖ गाउँपालिका क्षेत्रमा रहेका उधोग तथा नयाँ उधमिलाई प्रविधिमा सहयोग,छुट,मिनाहा तथा आवशक सहुलियत उपलब्ध गराईने छ उधमिलाई प्रोत्साहन गर्न स्टार्ट-अप को नीति अवलम्बन गरिनेछ ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रम लाई गाउँस्तरीय र वडास्तरीय आन्तरिक श्रोत समेत थप गरि प्रभावकारी बनाईने छ
- ❖ गाउँपालिकामा संचालनमा रहेका प्रधानमन्त्री रोजगार कार्यक्रम लघु उधम सम्बन्धी कार्यक्रम र सुरक्षित अप्रवासन सम्बन्धी कार्यक्रमहरु एक आपसमा जोडिएको हुनले एकिकृत माध्यम बाट संचालनमा ल्याइनेछ ।
- ❖ यस गाउँपालिकालाई पूर्णरुपमा बालश्रम मुक्त गाउँपालिका बनाउन रोजगार सेवा केन्द्रको सहकार्यमा आवश्यक कार्यक्रम संचालनमा ल्याइनेछ ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्वन्धि

- ❖ सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी दिने प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- ❖ सामाजिक सुरक्षा तथा घटना दर्ता कार्यका लागि आवश्यकता अनुसार अनुगमन तथा मुल्यांकन कार्यलाई अगाडि बढाइनेछ ।
- ❖ सम्पुर्ण वडाहरुमा व्यक्तिगत घटना दर्ता अनलाइन मार्फत गराउदै लगिनेछ ।
- ❖ सामाजिक सुरक्षा तथा घटना दर्ता सम्वन्धमा संचारमुलक र पहुचमुलक अभियान संचालन गरिनेछ ।

Scanned with CamScanner

## राजश्व सम्वन्धि निति

❖ व्यवसाय कर उठाउन विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

❖ सुत्रको रेभिन्यू मोडेल पूर्ण रुपमा संचालन गरिने छ ।

❖ व्यवसाय कर उठाउन घुम्ति शिविर संचालन गरिने छ ।

## न्यायिक सम्वन्धि

❖ महिला जनप्रतिनिधिहरु (८ वडाका महिलाहरुमा) महिला शसक्तीकरण तथा लैगिंक हिसा जानकारी गराइने छ ।

❖ यस गाउँपालिकालाई लैगिंक हिसा मुक्त गराउनको लागी न्यायिक समितिको बारेमा प्रचार प्रसार गर्ने निति लिएको ।

❖ यस आ.व. मा मेलमिलापकर्ताहरुलाइ कामको आधारमा प्रोत्साहन गर्न कोष स्थापना गरिने छ ।

❖ न्यायिक समितिको काम कर्तव्य र अधिकारको बारेमा जनमानसमा यस मायादेवी गाउँपालिकाको न्यायिक समिति प्रति जागरुक बनाइने छ

❖ पिछडीएका वर्ग तथा तेश्रो लिङ्गिहरुलाई समानता तथा समावेशीकरण गरिने छ ।

❖ वडा स्तरमा मेलमिलाप समिति पून गठन गरि समितिलाई आवश्यक अभिमुखिकरण तालिम दिई दक्ष वनाइने छ

## उद्यम विकास सम्वन्धि

❖ उद्यम विकासको लागि सामाजिक् परिचलान कार्यक्रम संचालन गरिनेछ ।

❖ व्यवसायिक योजनाको आधारमा प्रविधिक सिप विकास तालिम संचालन गरिनेछ ।

❖ लघु उद्यमीहरु लाई लघु वित्तमा पँहुच गर्नको लागि वित्तिय साक्षरता तथा व्यवसायिक विमा सम्बन्धी कार्यक्रम गरिनेछ

❖ एक घर एक लघु उद्यमी सिर्जना कार्यक्रम संचालन गरिनेछ ।

❖ मायादेवी गाउँपलिका भित्र रहेका बिपन्न बर्गहरुलाई लघु उद्यम मार्फत रोजगार प्रदान गरि गरिबी निवारण गरिनेछ ।

## पूर्वाधार विकास सम्वन्धि

१. नेपाल सरकार तथा प्रदेश सरकारको नीति समेतलाई आधार मानी यस गाउँपालिकाका गाउँबासीको फुसको छानो पूर्णरुपमा विस्थापित गरिनेछ ।

२. प्राथमिकीकरणको आधारमा सडकहरुलाई स्तरोन्नती गरिनेछ ।

३. आगामी आ.ब.देखि घर नक्सा सम्पन्न प्रमाणपत्र जारी गर्दा अनिवार्यरुपमा कम्तिमा २ (दुई) बटा विरुवा वृक्षारोपण गर्नुपर्ने नीति लिइनेछ ।

४. बैज्ञानिकरुपमा जग्गाको बर्गिकरण गरी थप जग्गा खण्डीकरण हुनबाट रोकिनेछ ।

५. निर्माण ब्यबसायी तथा उपभोक्ता समितिहरुबाट समयावधि भित्र गुणस्तरीयता कायम गरी निर्माण कार्य सम्पन्न गरेका ब्यवसायी तथा उपभोक्ता समितिलाई पुरस्कृत तथा सम्मान गरिने र सोको बिपरित गर्नेलाई दण्डीत गर्ने नीति कडाइका साथ लागु गरिनेछ ।

६. भूमिहिन, सुकुम्बासी तथा अब्यवस्थित बसोबासीको लागत संकलनको आधारमा सोको नापजांच गरी जग्गाधनी प्रमाण पुर्जा बितरण गर्ने प्रक्रिया अगाडी वढाइनेछ ।

७. सार्बजनिक पोखरीहरु, सिमसार क्षेत्रहरु, बनजंगल संरक्षण गर्ने नीति लिइनेछ ।

८. यस गाउँभित्र रहेका सडक वत्तिलाई व्यवस्थापन गरिनेछ

Scanned with CamScanner

९. गाउँ भित्र रहेका मिन्हि डिह जग्गाको जग्गा धनी प्रमाण पत्र उपलब्ध गराँउन गाउँपालिका र सम्वन्धित कार्यालयसँग समन्यव गरि आवश्यक सहयोग गरि जग्गा धनी पुर्जा उपलब्ध गराइनेछ ।

**जिन्सि खरिद दाखिला निति**

१. वडामा विनियोजन गरिएको वजेटलाई वडा मार्फत नै खरिद तथा दाखिला गर्ने व्यवस्था मिलाइनेछ ।

२. वडाका कर्मचारीहरुलाई खरिद ऐन जिन्सि व्यवस्थापन र दाखिला तथा राजश्व सुदृढिकरण सम्बन्धि क्षमता विकास तालिम संचालन गरिनेछ

३. PAMS software लाई वडास्तरमा नै व्यवस्थापन गर्न पहल गरिनेछ ।

**सूचना तथा संचार प्रविधि नीति**

१. यस गाउँपालिकालाई डिजिटल गाउँपालिका बनाउने नीति लिइनेछ ।

२. यस गाउँपालिकामा कर्मचारीहरुलाई सुचना तथा संचार प्रविधिको प्रयोग सम्बन्धी आवश्यक क्षमता विकास तालिम प्रदान गर्ने नीति लिइनेछ ।

३. मायादेवी गाउँपालिकाको सम्पूर्ण सूचना तथा समाचार गाउँपालिकाको आधिकारिक बेवसाइट, फेसबुक पेज मार्फत सार्वजनिक गरि गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटीमा समेत राख्ने नीति लिइनेछ ।

४. गाउँपालिकाको सम्पूर्ण सुचना तथा जानकारी जनतामा सहज र सुलभ तरिकाले पुर्याई सुचनामा जनताको प्रत्यक्ष पहुच तथा सहभागीतालाई सुनिश्चित गरिनेछ ।

५. गाउँपालिका तथा लगायतका वडा कार्यालयबाट आदानप्रदान गरिने सम्पूर्ण चिठीपत्र डिजिटल प्रविधि अर्थात इमेल मार्फत गरिनेछ ।

६. सुचना तथा संचार प्रणालीमा एक रुपता तथा पारदर्शिता सुनिश्चित गरिनेछ ।

७. गाउँपालिकाको सम्पुर्ण तथ्याँकहरुलाई डिजिटल रुपमा व्यवस्थापन गरिनेछ ।

८. गाउँपलिकाको चौकहरुमा free Wi-Fi को व्यवस्था मिलाउने निति लिइनेछ ।

९. गाउँपलिकाको बजारहरुमा सुरक्षाको लागि CCTV Camera जडान गर्ने निति लिइनेछ ।

**कृषि तथा पशु सेवा सम्बंन्धी नीति**

१०. गाउँपालिकामा भएका छाडा पशुहरुलाई व्यवस्थापन गरिनेछ ।

११. उन्नत जातको तरकारी विउ वितरण गरिनेछ ।

१२. कृत्रिम गर्भधानको कार्यलाई निरन्तरता दिईनेछ ।

अन्त्यमा विगतमा गाउँसभाले अख्तियार गरेका नीतिहरुलाई प्राथमिकताका साथ कार्यन्वयन गर्दै लागिने प्रतिवद्धताका साथ नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहयोग प्राप्त गर्ने उद्देश्यले जनस्तर समेतको सहभागीता रहेने गरि प्रचलित स्थानीय सरकार सञ्चालन ऐन २०७४ र मायादेवी गाउँपालिका सम्बन्धित ऐन कानुनहरुको अधिनमा रहि जिम्मेवारी सहितका आवश्यक समिति र उप-समितिहरुको निर्माण गरिने छ । मायादेवी गाउँपालिकाको १६औं गाउँसभा तयारी गर्न सहयोग पुग्र्याउनु हुने सम्पूर्ण गाउँसभाका सदस्य ज्यूहरु कर्मचारी साथीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै आगामी दिनहरुमा पनि यहाँहरुको सक्रिय सहभागिता सकारात्मक सोच र निरन्तर सहयोग हुने विश्वास व्यक्त गर्दै यो नीति तथा कार्यक्रमलाई सर्वसम्मत रुपमा पारित गरिदिनु हुन माननीय सदस्य ज्यूहरुमा अनुरोध गर्दै विदा हुन्छु ।

**धन्यवाद**

Scanned with CamScanner